पेस (PACE) नेपाल • मार्च २०२१

# किशोरकिशोरी प्रजननको तथ्यांक सन्दर्भ निर्देशिका

सन् २०१९-२०२० मा पेस परियोजना २०११ र २०१६ को लागि नेपालको पालिका स्तरको किशोरकिशोरी प्रजननको अनुमान गर्नका लागि यस सन्दर्भ निर्देशिकाको विकास गरिएको हो

**यस निर्देशिकाले नेपालमा परिवार नियोजन तथा किशोरकिशोरी प्रजनन सम्बन्धी निर्णयकर्ता तथा सरोकारवालाहरूलाई किशोरावस्थामा हुने प्रजननको बारेमा बुझ्न र विश्लेषण गरी किशोरावस्था प्रजनन सम्बन्धी सु-सूचित निर्णय लिन र तथ्यका आधारमा कार्यान्वयन गर्न मद्दत गर्दछ ।**

## किशोरकिशोरी प्रजनन सम्बन्धी पेस नेपालको उत्पादनहरूमा के के समावेश गरिएको छ ?

यी सामाग्रीहरूले विश्लेषणका मुख्य परिणामहरूमा प्रकाश पार्नुका साथै प्रयोगकर्ताहरूलाई किशोरकिशोरी प्रजननदर कम गर्नका लागि तथ्यांक अन्वेषण र  सूचना व्याख्या गर्न मद्दत पुर्याउने, नीति तथा कार्यक्रमहरू सिफारिश गर्दछ ।

### पाँच राष्ट्रिय किसिमको तथा चार किसिमको प्रदेश स्तरीय नक्शा

**किशोरकिशोरी प्रजनन सम्बन्धी तथ्यांकको अन्तरदृष्टि**

**किशोरकिशोरी प्रजननको प्राथमिकतामा रहेका पालिकाहरू**

**समय अनुसार किशोरकिशोरी प्रजननमा भएका परिवर्तन**

१५-१९ वर्षका सबै किशोरीहरु बीच किशोरकिशोरी प्रजननदरको दृश्यावलोकन गर्न प्रयोगकर्तालाई मद्दत गर्दछ । प्रदेश स्तरीय नक्शाले प्रत्येक सात प्रदेशहरूको लागि यी विश्लेषणहरू प्रदान गर्दछ ।

### ७ प्रादेशीक तथ्य पृष्ठहरु (Factsheets)

सन् २०११ र २०१६ सम्मको पालिका स्तरको अनुमानित किशोरकिशोरी प्रजननको संक्षिप्त प्रवृत्ति संगै निर्णयकर्ताहरूलाई कसरी तथ्यांक  र जानकारीको व्याख्या गर्न भन्ने मार्गनिर्देश गर्दछ ।

### अनलाईन अन्तरक्रियात्मक डिजिटल नक्शा

प्रयोगकर्ताहरूलाई पालिका, जिल्ला वा प्रदेश स्तरीय सम्पूर्ण १५-१९ वर्षका किशोरीहरू वा विवाहित किशोरीहरूको किशोरकिशोरी प्रजननदरको प्रवृत्ति र स्वरुप आवश्यकता अनुसार चयन गरी दृश्य अनुकूलन गर्न सहयोग गर्दछ ।

## राष्ट्रिय र पालिका स्तरको किशोरकिशोरी प्रजननको तथ्यांक किन महत्त्वपूर्ण छ?

किशोरकिशोरी प्रजननदर घटाउनु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राथमिकता हो ।

- किशोरकिशोरी उच्च प्रजननदरका कारण किशोरीहरूले पढाई छिटै छाड्ने र रोजगारीको अवसर गुमाउने गर्दछन ।
- उमेर पुगेकी आमाबाट जन्मेको भन्दा किशोरी आमाबाट जन्मेको नवजात शिशु तथा शिशुहरूको मृत्युको जोखिम उच्च भएकोले किशोरकिशोरी उच्च प्रजननदरले नवजात शिशु तथा शिशुहरूको मृत्युदर अझ बढाउन सक्दछ ।
- किशोरकिशोरी प्रजननलाई कम गर्न परिवार नियोजन नीति तथा कार्यक्रममा लगानी गर्दै नेपालले युवतीहरुको श्रमशक्तिमा सहभागिता वृद्धि गर्ने र किशोरीहरूको स्वास्थ्य सुधार गरेर नेपालको सामाजिक तथा आर्थिक विकासमा योगदान पुर्याउँन सक्दछ ।

नेपालले पालिका स्तरलाई अधिकार हस्तारण गरेका कारण पालिका स्तरमा किशोरकिशोरी प्रजननदरको अनुमान गर्नु पर्ने आवश्यकता पहिले भन्दा अझ बढी महत्त्वपूर्ण छ।

- राष्ट्रिय वा प्रदेश स्तरमा किशोरकिशोरी प्रजननदरको अनुमानले महत्त्वपूर्ण भौगोलिक विभिन्नतालाई छोपिदिन सक्दछ ।
- पालिका स्तरको किशोरकिशोरी प्रजननदरको अनुमानले निर्णयकर्ताहरूलाई पालिकास्तर वा सम्पूर्ण जिल्ला/प्रदेश स्तरको प्रवृत्तिलाई अनुगमन तथा तुलना गर्न मद्दत पुर्याउँछ।
- किशोरकिशोरी प्रजननदर उच्च, स्थिर वा बढ्दो अवस्थामा रहेको स्थान पहिचान गरी कुन ठाउँको किशोरीहरूमा परिवार नियोजन र अन्य सेवाहरूको पहुँचमा सुधारको आवश्यकता छ र कुन ठाउँमा लक्षित कार्यक्रम जरुरी छ भन्ने निर्धारण गर्न मद्दत गर्दछ ।

USAID FROM THE AMERICAN PEOPLE
PACE Policy Advocacy Communication Enhanced
PRB
DIGITAL DATA SYSTEM FOR DEVELOPMENT
Government of Nepal Ministry of Health and Population

## कसरी सरोकारवालाहरूले पालिका स्तरको किशोरकिशोरी प्रजननदरको अनुमानलाई अन्वेषण तथा व्याख्या गर्न सक्दछन् ?

यी तथ्यांकहरूबाट निम्न कुराहरू बारे बुझ्न सकिन्छ :

- सन् २०१६ मा पालिकास्तरको किशोरकिशोरी प्रजननदरलाई कसरी तुलना गरियो |
- कुन कुन पालिकाहरूमा २०११ देखि २०१६ सम्म पालिकास्तरको अनुमानित किशोरकिशोरी प्रजननदरमा गिरावट, थोरै परिवर्तन वा वृद्धि भएको हो भन्ने देखिन्छ |

प्राथमिक नक्शाहरु भनेको निर्णयकर्ताका लागि राष्ट्रिय र प्रादेशीक **किशोरकिशोरी प्रजनन सम्बन्धि तथ्यांक** र **किशोरकिशोरी प्रजननदरको अवस्था अनुसार प्राथमिकतामा रहेका पालिकाहरू** समावेश गरिएको नक्शाहरु हो। यी नक्शाहरूले निम्न बुँदाहरूमा आधारित रही पालिकाहरूको भिन्नता प्रस्तुत गर्दछ १) सन् २०१६ को किशोरकिशोरी प्रजननदर, २) सन् २०११ देखि २०१६ मा किशोरकिशोरी प्रजननदरमा आएको परिवर्तन र ३) सन् २०११ देखि २०१६ सम्म १५-१९ वर्षका किशोरीहरूबाटको जन्मको संख्या।

किशोरकिशोरी प्रजनन तथ्यांक अन्तरदृष्टि नक्शाहरुले ( Adolescent Fertility Data Insights maps) सन् २०१६ को किशोरकिशोरी प्रजननदर (AFR) र पालिकाहरूमा सन् २०११ देखि २०१६ सम्म किशोरकिशोरी प्रजननदरमा आएको परिर्वतन (प्रतिशतमा) देखाउदछ । यी नक्शाहरुका तथ्यांकका आधारमा किशोरकिशोरी प्रजननदर स्थिर, उच्च वा बढ्दो क्रममा रहेका पालिकाहरू र सन् २०११ देखि २०१६ सम्म किशोरी आमाबाट जन्मेको अनुमानित संख्या १००० वा सो भन्दा बढी रहेको पालिकाहरूमा ध्यानाकर्षण गराउँदछ। १५-१९ वर्षका सम्पूर्ण किशोरीहरूको जानकारी भएको नक्शा प्रदेश र राष्ट्रिय दुवै तहका लागि उपलब्ध छ । १५-१९ वर्षका विवाहित किशोरीहरूको किशोरकिशोरी प्रजनन तथ्यांक अन्तरदृष्टि नक्शा राष्ट्रिय तहको लागि पनि उपलब्ध छ ।

दुई पूरक राष्ट्रिय तथा प्रदेश स्तरको नक्शाले किशोरकिशोरी प्रजननको स्वरुप र प्रवृत्तिको तथ्यांकलाई अन्वेषण गर्ने थप अवसरहरु प्रदान गर्दछ:

- **समय अनुरूप** किशोरकिशोरी प्रजननदरमा आएका परिवर्तनको नक्शाले सन् २०११ देखि २०१६ सम्म राष्ट्रिय वा प्रादेशीक स्तरमा १५-१९ वर्षका किशोरकिशोरी प्रजननदरको प्रतिशतमा आएको परिवर्तनलाई देखाउँदछ।
- **प्रजननदर गहन अध्ययनको** नक्शाहरुले सन् २०१६ सालको राष्ट्रिय वा प्रदेश स्तरको सबै १५-१९ वर्षको किशोरकिशोरी प्रजननदर देखाउँदछ। कम वा उच्च किशोरकिशोरी प्रजनदर भएको पालिकाहरूलाई भने फरक-फरक रंगले संकेत गर्दछ ।

## कसरी विश्लेषणबाट प्राप्त जानकारीले निर्णयकर्ताहरूलाई तथ्यमा आधारित नीति तथा कार्यक्रमहरू विकास गर्न मद्दत गर्दछ ?

तल उल्लेखित विश्लेषणहरूले निर्णयकर्ताहरूलाई मद्दत गर्दछ:

- **किशोरकिशोरी प्रजनन लक्षित कार्यक्रमबाट फाइदा लिने नगरपालिका र उपसमूहहरुको प्राथमिकता निर्धारण गरी किशोरकिशोरी प्रजननलाई सम्बोधन गर्ने ।** ठूलो संख्यामा किशोरी आमाहरुबाट भएको जन्म र किशोरकिशोरी प्रजननदर उच्च तथा स्थिर वा बढ्दो क्रममा रहेका पालिकाहरूमा  नीति निर्माताहरूले प्रयास र स्रोत केन्द्रित गर्नु पर्दछ । त्यस्का लागि लक्षित कार्यक्रमहरू निम्न हुन सक्दछन:
  - सकारात्मक सामाजिक मान्यता सिर्जना तथा सुदृढीकरणका कार्यक्रमहरूमा लगानी गर्ने र किशोरकिशोरी बीच स्वस्थ व्यवहारलाई प्रोत्साहित गर्ने ।
  - किशोरावस्थामै विवाहित वा आमा बनिसकेका भए पनि माध्यमिक तहसम्म बिद्यालयमा रहन किशोरीहरूलाई सहयोग गर्ने कार्यक्रमलाई बढावा दिने ।
  - नव विवाहित दम्पतिहरूलाई विवाह पछि परिवार नियोजनका साधन प्रयोग गरी पहिलो बच्चा जन्माउन ढिलाइ गर्न प्रोत्साहित गर्ने।
  - किशोरी आमाहरूलाई पहिलो बच्चा पश्च्यात जन्मान्तर राख्न सही र निरन्तर स्वैच्छिक परिवार नियोजनका  साधनहरूको प्रयोग गर्न प्रोत्साहन गर्ने।
  - वैवाहिक स्थितिको वास्ता नगरी परिवार नियोजनका साधन आवश्यक भएका सम्पूर्ण किशोरकिशोरीहरुलाई किशोरकिशोरी-मैत्री, परिवार नियोजना सेवा गोप्य रुपमा प्रदान गर्ने  ।
  - बाल विवाह दर घटाउने र विवाहका लागि न्यूनतम उमेरको कानून लागू गरेर विवाहको लागि न्यूनतम उमेर बढाउने।
- **किशोरकिशोरी प्रजननदरमा कमी आएका जिल्ला वा पालिकाहरूलाई पहिचान गर्ने र त्यसबाटको सिकाई आवश्यकता अनुरूप पालिकाहरूमा लागू गर्ने।** पालिका र प्रदेशका निर्णयकर्ताहरूले उपलब्ध तथ्यांक प्रयोग गरी किशोराकिशोरी प्रजननदरमा कमी आएका समान जिल्ला वा पालिकाहरूको पहिचान गर्ने र किशोरकिशोरी प्रजननदर घटाउन उक्त जिल्ला वा पालिकाहरूको अनुसरण गर्न सक्दछन ।
- **किशोरकिशोरी प्रजननमा भौगोलिक विविधतासँग सम्बन्धित कारकहरू पहिचान गर्न थप अनुसन्धान आवश्यक भएको ठाउँहरुको पहिचान गर्ने।** विभिन्न पालिकाहरूका सन् २०१६ सालको किशोरकिशोरी प्रजननदर हेरी निर्णयकर्तले कुन भौगोलिक क्षेत्रमा किशोरकिशोरी प्रजननदर उच्च छ, त्यहाँ थप गहन अध्यन गरी फाइदा लिन सक्दछन ।

## ज्ञान वा सूचनामा अझै सम्बोधन गर्न बाँकी रहेका विद्यमान अन्तरहरु के के छन् ?

किशोरकिशोरी प्रजनन सम्बन्धित तल उल्लेखित तथ्यांकले थप अनुसन्धान र तथ्यांक संकलन आवश्यक छ भन्ने प्रकाश पार्दछः

- किशोरीहरूले प्राप्त गरेको शैक्षिक योग्यता र वैवाहिक स्वरुपको आधारमा गरिएको हालको विश्लेषणले पालिकाहरुको अनुमानित किशोरकिशोरी प्रजननदरको नमुना प्रदान गर्दछ । यद्यपि हामीसँग अझै पनि प्रदेश स्तरभन्दा तल्लो तहको प्रत्यक्ष अनुमानित तथ्यांक छैन । यी तथ्यांकहरूले स्थानीय तहमा किशोरकिशोरी प्रजनन तथा अन्य महत्वपूर्ण सूचकहरूको प्रवृत्ति समयमै र नियमित अनुगमन गर्न पालिका स्तरमा गुणस्तरीय जन्मदर्ताको पञ्जीकरणको महत्त्वलाई प्रकाश पार्दछ ।

- सन् २०१९ को नेपाल मल्टिपल इण्डिकेटर क्लस्टर सर्वेक्षण (MICS) मा AFR प्रति १००० जन्ममा ६३ छ जून सन् २०१६ को DHS ले गरेको अनुमानभन्दा उल्लेखनीय रूपमा कम छ । यद्यपि यी दुई सर्वेक्षणहरू बीच नमूना र कार्यपद्धतिमा फरक छ । जस्तै; सन् २०१९ को MICS सर्वेक्षणमा प्राथमिक नमूना इकाई ग्रामीण क्षेत्रका लागि वार्डको सट्टा गणना क्षेत्रहरुबाट नमूना संकलन गरिएको थियो र साना बच्चाहरू भएको घरहरू चाहिएको भन्दा बढी नमूना संकलन गरिएको थियो । यी अनुमानहरूलाई पुस्टी गर्न र सन् २०१६ देखिको किशोरकिशोरी प्रजननको प्रवृत्तिलाई राम्रोसँग बुझ्नको लागि थप विश्लेषणको आवश्यकताको संकेत गर्दछ, साथै अब अर्को नेपाल DHS सर्वेक्षणले सन् २०१६ पछि पनि किशोरकिशोरी प्रजननदरमा यस्तै गिरावट देखाउँछ वा देखाउँदैन हेर्नुपर्ने हुन्छ ।

### कार्यपद्धति

- किशोरकिशोरी प्रजननदर भनेको १५-१९ वर्ष उमेरका प्रति हजार किशोरीबाट हुने जन्म संख्या हो । हामी विगत पाँच वर्ष (२००६ देखि २०११ सम्म र २०११ देखि २०१६ सम्म) को औसत दरलाई प्रयोग गरिरहेका छौं ।
- नेपालमा पालिकास्तरको किशोरकिशोरी प्रजनन सम्बन्धित तथ्यांकको उपलब्धताको कमीका साथै शैक्षिक योग्यता, वैवाहिक अवस्था र किशोरकिशोरी प्रजननदर बीचको स्थापित सम्बन्धको अभावका कारण हाम्रो विश्लेषणमा प्रस्तुत किशोरकिशोरी प्रजनन सम्बन्धित तथ्यांकहरू किशोरीहरूको शैक्षिक योग्यता र उनीहरूले वैवाहिक जीवनमा बिताएका समयका आधारमा निकालिएका अनुमान मात्र हुन् ।
- हामीहरूले प्रत्येक पालिकाहरूको किशोरकिशोरी प्रजननदर किशोरीहरूको प्रत्येक शिक्षा समूहको लागि क्षेत्रीय स्तरको AFR प्रयोग गर्दै र पालिकास्तरको शैक्षिक योग्यता र वैवाहिक अवस्थाका आधारमा अनुमान गरेका हौं। यस विधिले हामीलाई प्रत्येक पालिका स्तरको शैक्षिक योग्यता र वैवाहिक स्वरुपलाई आधार मानेर त्यस पालिकाको किशोरकिशोरी प्रजननदर अनुमान गर्न सहयोग गर्दछ1 ।

### सीमित

- पालिकास्तरको किशोरकिशोरी प्रजननदरको अनुमान किशोरीहरूको शैक्षिक योग्यता र वैवाहिक जीवनमा बिताएको समयसँग मात्र आधारित छ, बाँकी अरू कारकहरूको प्रभाब भने यसमा समावेश गरिएको छैन ।

---

[१] हामीले किशोरीहरुले प्राप्त गरेको शैक्षिक योग्यताका आधारमा नेपालको पाँच क्षेत्र (पूर्व, मध्य, पश्चिम, मध्यपश्चिम/सुदूरपश्चिम तराई, मध्यपश्चिम/सुदूरपश्चिम पहाड तथा हिमाल) का किशोरकिशोरी प्रजननदर गणना गरेका छौं। हामीले त्यसपछि २०११ र २०१६ सालको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (DHS) ले दिएको शिक्षामा आधारित AFR निकाल्न सोही सालको प्रत्येक पालिकाका किशोरीहरको शैक्षिक योग्यतालाई आधार मानेर निकलेका थियौ जुन २०११ सालको नेपाल जनसंख्या र आवास गणना बाट अनुमानित गरिएको थियो । २०११ र २०१६ सालको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण बाट प्राप्त शिक्षामा आधारित AFR ले अन्तर्वार्ताका क्रममा १५-१९ वर्षका किशोरीहरूबाट भएको जन्मको जानकारी दिन्छ ।


#### विशेष आभार

यस सन्दर्भ निर्देशिका र PACE नेपालको उत्पादनहरू USAID को AID-AA-A-16-00002 सम्झौता अनुरुप एवं उदार सहयोगले सम्भव भएको हो। यस दस्तावेजमा भएका जानकारी PRB को जिम्मेवारी हो, यो संयुक्त राज्य अमेरिका सरकारको आधिकारिक जानकारी हैन र यसले USAID वा संयुक्त राज्य अमेरिका सरकारको कुनै दृष्टिकोण प्रतिविम्बित गर्दैन। नक्शामा प्रयोग गरिएका सिमा रेखाहरु तथा नामहरु संयुक्त राज्य सरकार वा USAID, वा नापी विभाग, नेपाल सरकार बाट आधिकारिक रुपमा अनुमोदन वा स्वीकृत गराइएको छैन।

यो सामग्री PRB का शार्लोट ग्रीबउम, एशियन डेमोग्राफिक रिसर्च इन्स्टिच्युटका समीर केसी, विकासको लागि डिजिटल डाटा प्रणालीका हरि ध्वजुले उत्पादन गरेका हुन्। USAID का नेत्र भट्ट, इभाना लोहार र मारकोस अरेभालो तथा PRB का लोरा वेडीन, तोशिको कनेडा, जिल चान्ले, हेडी वोर्ली सबैलाई उहाँहरूको मूल्यवान टिप्पणी तथा सहयोगको लागि विशेष धन्यवाद ।

#### डिजाइन र उत्पादन

अन्नेका भान स्कोयोक (Anneka Van Scoyoc), PRB

नेहा श्रेष्ठ, विकासको लागि डिजिटल डाटा प्रणाली (DDSD)



© सन् २०२० पपुलेशन रेफरेन्स ब्युरो सर्वाधिकार सुरक्षित